# बालमैत्री सुशासन कार्यक्रम कार्यन्वयन कार्यबिधि-२०७७

## प्रस्तावना

बालबालिका सम्मून्नत समाज र समृद्ध राष्ट्र निर्माणको आधार हुन भन्ने अशायलाई आत्मासात गरी यस बारपाक सुलिकोट गाँउपालिकालाई बालमैत्री गाँउपालिकाको रुपमा स्थापित गराउने अभिप्रायले बालमैत्री व्यबहारको आवश्यकता र महत्वलाई मध्य नजर गर्दै बालमैत्री समाज निर्माणको लागि बाल अधिकार सम्बन्धी विद्यमान संघीय कानून, प्रदेश कानून, र नेपाल पक्ष भएको सन्धि, महासन्धिको भावना अनुरुप कार्यक्रमलाई व्यबस्थित गराउन, र बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोतम हितलाई कायम गर्नको लागि बालमैत्री सुशासन कार्यक्रम शिर्षक अन्तर्गत बारपाक सुलिकोट गाँउपालिकाद्धारा विनियोजन गरिएको बजेटलाई, मितव्ययी, प्रभावकारी, चुस्त, दुरुस्त, र पारदर्शी रुपमा खर्च गर्नको लागि वाञ्छानीय भएकोले बारपाक सुलिकोट गाँउकार्यपालिकाको मिति २०७७/ / गतेको गाँउकार्यपालिकाको बैठकले कार्यविधि बनाई लागु गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम "बालमैत्री सुशासन कार्यक्रम कार्यन्वयन कार्यविधि २०७७" रहनेछ ।

(ख) यो कार्यविधि बारपाक सुलिकोट गाँउकार्यपालिकाले स्वीकृत गरी अध्यक्षले प्रमाणिकरण गरेको मितिवाट लागू हुनेछ ।

(ग) यो कार्यविधि बारपाक सुलिकोट गाँउपालिका भर लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"बालबालिका"** भन्नाले १८ वर्ष भन्दा कम उमेर पुगेको बालबालिकालाई जनाउनेछ ।

(ख) **"बाल अधिकार"** भन्नाले बालवालिका ऐन २०७५ र यस गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशित बाल अधिकार व्यवस्थित गर्ने ऐन २०७७ मा व्यवस्था भए वमोजिम अधिकारलाई जनाउनेछ ।

(ग) **"संरक्षक"** भन्नाले बालवालिकाको हक, हितको संरक्षण गर्न, प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्भनु पर्छ ।

(घ) **"सम्बन्धीत शाखा"** भन्नाले महिला तथा बालबालिका शाखालाई जनाउँनेछ ।

(ङ) **"गाँउपालिका"** भन्नाले बारपाक सुलिकोट गाँउपालिकालाई जनाउनेछ ।

(च) **"अध्यक्ष"** भन्नाले बारपाक सुलिकोट गाँउपालिकाको अध्यक्षलाई जनाउनेछ ।

(छ) **"उपाध्यक्ष"** भन्नाले बारपाक सुलिकोट गाँउपालिकाको उपाध्यक्षलाई जनाउनेछ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बारपाक सुलिकोट गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

(झ) **"कार्यक्रमको संयोजक"** भन्नाले गाँउपालिकाको अध्यक्षलाई जनाउनेछ ।

(ञ) **"विपदमा परेका बालबालिका"** भन्नाले कुनै पनि दैविक तथा प्रकृतिक प्रकोपका कारण मानसिक तथा शारिरीक रुपमा प्रभावित भएका बालवालिकाहरुलाई जनाउनेछ ।

**३. बालमैत्री सुशासन कार्यक्रम कार्यन्वयन तथा संञ्चालनक समिति देहाय बमोजिम रहनेछ ।**

| | |
|---|---|
| (क) गाँउपालिकाको अध्यक्ष | संयोजक |
| (ख) गाँउपालिकाको उपाध्यक्ष | सदस्य |
| (ग) गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) बालअधिकार क्षेत्रमा काम गर्ने गैह्र सरकारी संस्थाको एक जना प्रतिनिधि | सदस्य |
| (ङ) वडा अध्यक्षहरु | सदस्य |
| (च) कार्यपालिकाको महिला सदस्यहरु | सदस्य |
| (छ) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

**४. बालमैत्री सुशासन कार्यक्रम अन्तर्गत संञ्चालन गरिने कार्यक्रमहरु**

(क) बाल अधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभावकलाई बालअधिकार सम्बन्धी सचेत गराउने ।

(ख) बारपाक सुलिकोट गाँउपालिकाका सबै ८ वटै वडाहरुमा वडा स्तरिय बालक्लव गठन गर्ने ।

(ग) विद्यालय उमेर समुहका बालवालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहँचमा ल्याउन प्रयास गर्ने ।

(घ) गरिव तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सत्रको अन्त्यमा बार्षिक नतिजा प्रकाशन भएपश्चात वडा स्तरिय बालक्लव मार्फत वडा भरिकै उत्कृष्ठ नतिजा हासिल गर्न सफल माध्यामिक स्तरको छात्र वा छात्रालाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्ने ।

(ङ) गरिव, विपन्न, अनाथ, विद्यालय उमेरको बालवालिकाको लागि अवस्थाको पहिचान गरि नाजुक अवस्था रहेमा वडा अध्यक्षको सम्पर्कमा रहेर शैक्षिक सामाग्री वितरण गर्ने ।

**५. वडा स्तरिय बाल अधिकार संरक्षण र सम्वर्द्धन गर्नको लागि प्रत्येक वडामा देहाय वमोजिमको वडा स्तरिय बालक्लव समिति गठन गरिनेछ ।**

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) शिक्षकहरु मध्येबाट एक जना महिला सहित दुई जना | सदस्य |
| (ग) महिला स्वयम सेविका मध्यबाट एक जना | सदस्य |
| (घ) आमा समुहहरु मध्येबाट एक जना | सदस्य |
| (ङ) स्वास्थ चौकी प्रमुख | सदस्य |
| (च) सम्बन्धित वडामा संञ्चालनमा रहेको प्रत्येक विद्यालयवाट एक एक जना विद्यार्थी | सदस्य |

(छ) सम्बन्धित वडाको वडा सचिव सदस्य सचिब

## ६. कार्यक्रम संञ्चालन समितिको काम कर्तव्य र अधिकार

(क) लक्षित वर्ग पहिचान गर्ने,

(ख) लक्षित वर्गलाई कार्यक्रमको प्रस्ताव माग गर्ने, कार्यक्रम स्वीकृत गर्ने, कार्यक्रम कार्यन्वयन गर्ने,

(ग) महिला बालवालिका शाखामा समन्वय गर्ने,

## ७. कार्यक्रम समितिको बैठक

(क) कार्यक्रम समितिको बैठक अध्यक्षले तोकेको समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(ख) बैठकको कार्यविधि अध्यक्षले निर्धारण गरे वमोजिम हुनेछ ।

## ८. बजेट सम्बन्धी व्यवस्था

कार्यक्रमको आवश्यक बजेट गाँउ सभाले विनियोजन गरे वमोजिम हुनेछ ।

## ९. प्रतिवेदन सम्वन्धी व्यवस्था

यस कार्यक्रमको बार्षिक प्रतिवेदन तयार पारी गाँउ सभामा पेश गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन समितिको हुनेछ ।

## १०. अनुगमन समिति

अनुगमन समिति कार्यक्रम सञ्चालन समितिको संयोजकले तोके बमोजिम हुनेछ ।

## ११. कार्यक्रम सञ्चालन सचिवालय सम्वन्धी व्यवस्था

कार्यक्रम सञ्चालन सचिवालय महिला तथा बालवालिका शाखामा रहनेछ ।

## १२. व्याख्या गर्ने अधिकार

व्याख्या गर्ने अधिकार कार्यक्रम सञ्चालन समितिलाई हुनेछ ।

## १३. संशोधन सम्बन्धी व्यवस्था

यस कार्यविधिको संशोधन गाँउकार्यपालिकाले गर्नेछ ।

## १४. बाधा अड्काउ सम्बन्धी व्यवस्था

बाधा अड्काउने फुकाउने व्यवस्था कार्यक्रम सञ्चालन समितिको सर्वसम्वत निर्णयवाट हुनेछ । यसको जानकारी कार्यक्रम सञ्चालन समितिले गाँउकार्यपालिकालाई दिनुपर्नेछ ।

## १५. निर्देशन दिन सक्ने

गाँउ सभा, गाँउकार्यपालिकाको सम्बन्धीत समितिहरुले कार्यक्रम सञ्चालन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।